# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, साउन १२ गते २०३३ साल [ अतिरिक्ताङ्क १२

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०३३ सालको ऐन नं. ६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४३५

स्थानीय पञ्चायतका सदस्यहरूको पदावधि कायम राख्ने
व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: नेपालको संविधानबमोजिम निर्वाचनको पहिलो समूहमा नपरेका अञ्चलहरूका गाउँ पञ्चायत र नगर पञ्चायतका प्रधानपञ्च, उप–प्रधानपञ्च र सदस्यहरू तथा जिल्ला पञ्चायतका सभापति, उप-सभापति र सदस्यहरूको पदावधि सो पद पूर्तिका लागि हुने निर्वाचन नभएसम्म कायम राख्न कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ: (१) यस ऐनको नाम "स्थानीय पञ्चायतका सदस्यहरूको पदावधि कायम राख्ने ऐन, २०३३" रहेको छ ।

(२) यो ऐनको विस्तार नेपाल अधिराज्यभर हुनेछ ।

(३) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "स्थानीय पञ्चायतका सदस्यहरू" भन्नाले गाउँ पञ्चायत र नगर पञ्चायतका प्रधानपञ्च, उप-प्रधानपञ्च र सदस्यहरू तथा जिल्ला पञ्चायतका सभापति, उप-सभापति र सदस्यहरू सम्झनुपर्छ ।

(ख) "निर्वाचनको सूचना" भन्नाले निर्वाचन आयोग वा निर्वाचन आयोगले तोकेको निर्वाचन अधिकृतले स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ को दफा ४ बमोजिम प्रकाशित गरेको निर्वाचनको सूचना सम्झनुपर्छ ।

३. स्थानीय पञ्चायतका सदस्यहरूको पदावधि कायम रहने: सेती, लुम्बिनी र सगरमाथा अञ्चलहरू बाहेक अरू अञ्चलका यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका स्थानीय पञ्चायतका सदस्यहरूको पदावधि प्रचलित नेपाल कानूनबमोजिम जुनसुकै मितिमा समाप्त हुने भइरहेको भए पनि सो पद पूर्तिको लागि हुने निर्वाचनको सूचना प्रकाशित नभएसम्म तत्काल कायम रहेका स्थानीय पञ्चायतका सदस्यहरूको पदावधि कायमै रहेको मानिनेछ ।

४. बाधा अडकाउ फुकाउने अधिकार: यो ऐन कार्यान्वित गर्न कुनै बाधा अडकाउ परेमा श्री ५ को सरकारले सो बाधा अडकाउ फुकाउनको लागि नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यक आदेश जारी गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. स्थानीय पञ्चायतका सदस्यहरूको पदावधि कायम राख्ने अध्यादेश, २०३२ निष्क्रिय भएपछि त्यसको परिणाम: स्थानीय पञ्चायतका सदस्यहरूको पदावधि कायम राख्ने अध्यादेश, २०३२ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,–

(क) सो अध्यादेश निष्क्रिय हुँदाको बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

(ख) सो अध्यादेशबमोजिम चालू भएको कुरा वा सोबमोजिम रीत पुऱ्याई अघि नै गरिएको अन्य कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन,

(ग) सो अध्यादेशबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

(घ) सो अध्यादेशबमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन,

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाई वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहेसरह त्यस्ता कुनै कानूनी कारवाई वा उपायलाई पनि शुरू गर्न, चालू गर्न सकिनेछ।

लालमोहर सदर मिति:– २०३३।४।१२।३

आज्ञाले–

चूडामणिराज सिंह मल्ल

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५६